# प्रेस वक्तव्य

आज ३ डिसेम्बर अन्तराष्ट्रिय अपांग दिवसको उपलक्ष्यमा बारुदी सुरुङ प्रतिवन्ध अभियान सवैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छ ।

बारुदी सुरुङ तथा विष्फोटक पदार्थहरु लगायतका अपाङ्गगता भएका व्यक्तिहरु दशकौं देखि आफ्नो पहिचान, समानता तथा अधिकारहरु प्राप्तीको लागि लड्दै आइरहेकाछन् । यस संस्था ती व्यक्ति तथा संस्थाहरु प्रति हार्दिक ऐक्यवद्धता व्यक्त गर्न चाहन्छ । आजको दिनमा यो संस्था बारुदी सुरुङ तथा विष्फोटक पदार्थका पीडितहरु लगायत सम्पूर्ण अपाङ्गगता भएका व्यक्तिहरुको लागि आवाज उठाउन चाहन्छ ।

हरेक क्षेत्रमा बारुदी सुरुङ तथा विष्फोटक पदार्थका पीडितहरु लगायत सम्पूर्ण अपाङ्गगता भएका व्यक्तिहरुको सम्मानपूर्वक, समान तथा प्रभावकारी सहभागीता हुनु पर्दछ । पीडितहरुको पुनःस्थापना, उनीहरुको आर्थिक पुनः एकीकरणको कामलाई प्रभावकारी तथा परिणाममूखी रुपमा अगाडी बढ्न सरकारको ध्यान जान जरुरीछ ।

पीडित सहायताको कामलाई दीगो र प्रभावकारी बनाउनको लागि यसलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिनु जरुरीछ । उनीहरुको शिक्षा, श्वास्थ्य, रोजगारी, गरीबी न्यूनीकरण आदिको सरकारले यथेस्थ मात्रामा बजेटको विनियोजन गरियोस ।

बारुदी सुरुङ तथा विष्फोटक पदार्थका पीडितहरुको पुनःस्थापना, आर्थिक समाबेशीकरण, सामाजिक सुरक्षा, शारीरिक, सांस्कृतिक, भौतिक, सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका बाधा अवरोध हटाउनको लागि सरकारले उदाहरणीय भूमिका निभाओस । अपाङ्गग मैत्री भौतिक पूर्वाधार निर्माणमा विशेष योजनाका साथ लाग्नु पर्दछ ।

राष्ट्रिय योजना निर्माण, नीति निर्माण गर्ने निकाय, कार्यान्वयन, अनुगमन र मूल्यांकन प्रकृयामा बारुदी सुरुङ तथा विष्फोटक पदार्थका पीडितहरुको प्रभावकारी समाबेशिताको जरुरीछ । देशको विकास र सभ्यताको यो एक नमूना बन्न सक्दछ, त्यसमा सरकारले ढिलो नगरिओस ।

अन्तमा युद्धसंग कुनै सरोकार नभएका सर्वसाधारणहरुलाई अपाङ्गगता बनाउने बारुदी सुरुङको पूर्ण प्रतिवन्धको लागि ओटावा सन्धीमा छिटो प्रवेश गर्नको लागि आव्हान गर्दछु



पूर्णशोभा चित्रकार

संयोजक

बारुदी सुरुङ प्रतिवन्ध अभियान नेपाल

३ डिसेम्बर २०१८